**जिल्ला दैबिप्रकोप उद्धार समिति अन्तर्गतको मिति २०७४।०४।३२ गतेको अन्तर क्षत्रेगत निकायहरुको बैठको निर्णयहरु :**

**निर्णय नं. १** : मिति २०७४।०४।२८ गतेदेखिको अभिरल बर्षाले आएकोबाढी प्रभावित क्षेत्रमा मिति २०७४।०४।३० गते र ३१ गतेका दिन तुलसीपुर उपमहानगरपालीका,दंगिशरण गाँउपालीका,बबई गाँउपालीकाको अनुगमन गरी उद्धार, राहत् र बासस्थानको बारेमा जानकारी लिईयो ।

**निर्णय नं. २** : हालसम्ममा १५० घर पुर्ण क्षती भएको प्रारम्भिक बिवरण प्राप्त भएको र बिस्तापित परिवारहरु केही आफन्तको घरमा केही सामुदायीक भवनमा रहनु भएको साथै निजहरुको प्राथमिक राहत तयारी खाना, पानी,बस्ने व्यवस्थामा स्थानिय तह लगायतले गरको सहयोगका लागी धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं ३** : हाल उद्धार कार्य सम्पन्न भै राहत व्यवस्थापन गर्ने प्रयोजनका लागी सहायोग गर्ने प्रस्ताव गरेका रेडक्रस, यूनिसेफ, तथा कारीतास लगायत संस्थालाई निजहरुको प्रस्ताव बमोजिमका राहत सामाग्री जिल्ला भित्रका सबै प्रभावित(बिस्तापित) हरुलाई समानन तवरले बितरण गर्ने गरी सहमति प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४** : जिल्ला दैबिप्रकोप उद्धार कोषमा रकम जम्मा गर्न ईच्छुकहरुबाट सोधनी भै रहेको सन्दर्भमा प्राप्त हुने सहयोग रकम हाल जिल्ला दैबिप्रकोप उद्धार समितिको खातामा जम्मा गर्ने र पछि समितिको निर्णयानुसार व्यवस्थापन गर्ने ।

**निर्णय नं. ५** : मिति २०७४।०४।२८ गते देखी आएको बाढीबाट भौतिक रुपमा क्षती भएका घर,गोठको बिवरण एकिन भएपछि राहत बितरण गर्ने ।

**निर्णय नं. ६** : भर्खरै आएको बाढीबाट मृत्यु भएका व्यक्तिहरुको एकिन बिवरण प्राप्त नभएकोले आबश्यक कागजातसहितको बिवरण प्राप्त भएपछि निजको अकवालालाई राहत रकम बितरण गर्ने निर्णय गरियो ।

**निर्याय नं. ७** : दंगिशरण गाउपालीका २ बखरी देखी तुईसोता जाने सडक बाढीको कारणले क्षती पुगेकोले राहत बितरण गर्न तत्काल सडक मर्मत सुधार गर्नुपर्ने अबस्था भएकोले जिल्ला समन्वय समिति, स्थानिय तह,डिभिजन सडक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** नेपाल खाद्य संस्थानबाट उपलब्ध गराउन सक्ने चामल हाल बिभिन्न निकायहरुबाट केही परिणाममा बितरण गरि सकिएकोले प्रभावित क्षेत्रमा खटिई भएका टिमको सुझाब अनुसार बिरण गर्ने ।

**निर्णय नं. ९** : दाङ जिल्लामा प्रत्येक बर्ष बाढीले प्रभावित परिरहेको अबस्था र खोज उद्धारका लागी सामाग्री अभाव भई उद्धार कार्यमा समस्या भईरहेकोमा यस आ.अ.का बार्षिक कार्यक्रममा जिल्लाका प्रत्येक स्थानिय तहहरुमा बजेटको व्यवस्था गरि २ वटा स्टिमर व्यवस्थापन गर्न जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं. १०** : शहरी बिकास तथा भवन डिभिजन कार्यलयको नेतृत्वमा पुर्ण क्षती घरधुरीहरुको वास्तविक पुर्ण क्षतीको लगत संकलनका गर्न स्थानिय रेडक्रस सोसाइटी,प्रहरी,स्थानिय तहसँगको समन्वयमा बिवरण अध्यावधिक गरि जिल्ला दैबिप्रकोप उद्धार समितिमा पेश गर्ने ।

**निर्णय नं. ११** : यस जिल्लामा बर्षात निरन्तर रुपमा भईरहेकोले बाढीका कारण क्षति भएका घरहरु,बिस्तापित भएका परिवारहरु अझ बढन सक्ने संभावना भएकाले सोको लागी स्थानिय तह, रेडक्रस र प्रहरी मार्फत तथ्यांङ्क अध्यावधिक गर्ने निर्णय गरियो ।

प्रतिलिपि

अम्बर राज शर्मा
प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ